"समृद्ध, समावेशी र सुखी बेनीघाट रोराङको आधारः कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, सुशासन र पूर्वाधार"

# बेनीघाट रोराङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

विशालटार, धादिङ
बागमती प्रदेश, नेपाल

प.सं. ०८३।०८४
च.नं.

## कृषि यान्त्रीकीकरण माग सम्बन्धी सूचना।

*(प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०४/०७ गते)*

यस बेनीघाट रोराङ गाउँपालिकामा आ.व. २०८३/८४ मा संघीय र प्रदेश सरकारबाट प्राप्त समपूरक, विषेश तथा सशर्त अनुदान तर्फका कार्यक्रमहरू सञ्चालनका लागि यस गाउँपालिका भित्रका कृषक/कृषि सहकारी/कृषि फर्म/कृषि कम्पनी/टोल विकास संस्था/कृषक समूहले तपसिल बमोजिमको आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन (मितिः २०८३/०४/२७ गते) भित्र रीतपूर्वक तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालय/कृषि विकास शाखामा आवेदन पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| क्र.सं. | यान्त्रीकरणको नाम | अनुदान प्रतिशत | आवेदनको समयमा दाखिला गर्नुपर्ने रकम (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | हाते ट्र्याक्टर (५.५ Hp Diesel) | ५०% | २५,००० | |
| २ | हाते ट्र्याक्टर (७ Hp Petrol) | ५०% | १८,००० | |
| ३ | हाते ट्र्याक्टर (७ Hp Diesel) | ५०% | ३५,००० | |
| ४ | ठूलो ट्र्याक्टर | ५०% | १०,००,००० | वडा नं ३ क्षेत्र भित्रका कृषि सहकारी/टोल विकास संस्थाले मात्र आवेदन पेस गर्न सक्ने |
| ५ | Knapsack स्प्रेयर (१६ लि.) | ८०% | १,००० | |
| ६ | कुटानी पिसानी मिल | ५०% | २३,००० | |
| ७ | मकै छोडाउने मेसिन | ८०% | ३,५०० | |
| ८ | घाँस काट्ने मेसिन (हाते बेट्रीवाला) | ८०% | ४,००० | |
| ९ | Digital Weighing Balance (100 kg) | ८०% | ४,००० | |
| १० | प्लाष्टिक पोखरी (८*१० मिटर) | १००% | - | |
| ११ | Multi crop Thresher | ५०% | २५,००० | |
| १२ | खाडल खन्ने मेसिन | ८०% | ६,००० | |
| १३ | मल्चिङ प्लाष्टिक | ८०% | १,५०० | |

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. +९७७-०१०-४१६००, ईमेलः info@benighatrorangmun.gov.np, वेबसाइटः www.benighatrorangmun.gov.np

प.सं: ०८३।०८४
च.न.

| | | | | |
|---|---|---|---|---|
| १४ | कफी पल्पिङ्ग मेसिन | ८०% | ६,००० | |
| १५ | फलफूल बाली टिप्ने भऱ्याङ | ८०% | २,००० | |
| १६ | कोदालो | १००% | - | |
| १७ | सिकेचर (हाँगा काट्ने औजार) | १००% | - | |
| १८ | चाफ कटर (घाँस टुक्राउने मेसिन) | ८०% | ७,००० | |
| १९ | बर्डिजो क्यास्ट्रेटर (खसी पार्ने मेसिन) | ८०% | ३,००० | |

आवश्यक कागजात तथा मापदण्ड

१. माग निवेदन (आयआर्जन सुधारको लागि कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ को अनुसूची - १) वा तोकीएको ढाँचामा।

२. पछिल्लो दुई आ.व. मा कुनै पनि एकै प्रकृतिको अनुदान नलिएको स्व-घोषणा पत्र (आयआर्जन सुधारको लागि कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ को अनुसूची -५),

३. ठूलो ट्र्याक्टार माग गर्ने कृषि सहकारी/टोल विकास संस्थाले उक्त ट्र्याक्टार प्रयोग गर्ने विधि, लाभग्राही संख्या, सेवा शुल्क, मर्मत सम्भार, विमा लगाएत सुरक्षित राख्ने सेड व्यवस्थापन सहितको बिस्तृत कार्ययोजना पेस गर्नु पर्ने छ।

४. वडा कार्यालयको सिफारिस, नेपाली नागरिकताको छायाँप्रति, जग्गाको लालपूर्जाको छायाँप्रति, जग्गा भाडाको हकमा १० बर्षका लागि जग्गा भाडा सम्झौताको छायाँप्रति, जग्गाको सम्पत्ति कर बुझाएको रसिदको छायाँप्रति, ऐलानी जग्गाको हकमा वडा कार्यालयको सिफारिस,

५. कृषक समूह/सहकारीको हकमा दर्ता/नवीकरण गरेको प्रमाण-पत्रको छायाँप्रति, स्थायी लेखा नम्बरको छायाँ प्रति, कर चुक्ताको छायाँप्रति, कार्यक्रम माग गर्ने कृषकको सम्पर्क नं. सहित नागरिकता, तिरो तिरेको रसिदको छाँयाँप्रति र माग गरेको बैठकको निर्णयको छायाँप्रति,

६. कृषि फर्म/कम्पनीको हकमा दर्ता-नवीकरण गरेको प्रमाण-पत्रको छायाँप्रति, स्थायी लेखा नम्बरको छायाँप्रति, कर चुक्ताको छायाँप्रति,

७. सशर्त कार्यक्रम सञ्चालनको हकमा संघीय र प्रदेशबाट स्वीकृत कार्यविधि अनुसार कार्यान्वयन गरिनेछ,

रामबाबु पौडेल
प्रमुख प्रशासकीय अधिकृत

प.सं: ०८२/०८४
च.नं.

८. अनुदान रकम वापत लाभग्राहीले जम्मा गर्नु पर्ने रकम खरिद प्रकृया (बोलपत्र) बाट एकिन हुन आएको रकमका आधारमा तय हुनेछ। अग्रिम दाखिला भएको रकम साझेदारी गर्नु पर्ने भन्दा बढी हुन आएमा नियमानुसार सम्बन्धित लाभग्राहीलाई फिर्ता गर्ने र नपूग भएमा लाभग्राहीबाट बोलपत्रमा कायम भएको मूल्य अनुसारको साझेदारी रकम व्यहोर्नु/थप गर्नु पर्ने छ।

९. कुनै एक व्यक्ति वा संगोलको परिवारलाई एक भन्दा बढी कृषि सामग्रीमा अनुदान उपलब्ध गराइने छैन। तर कोदालो र सिकेचर मध्ये कुनै एक सामग्री अन्य सामग्रीसँग माग गर्न सकिने छ।

१०. विनियोजित बजेट भन्दा बढी माग भएमा आयआर्जन सुधारको लागि कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८३ को दफा २ को लाभग्राही छनौट समितिको सिफारिस बमोजिम हुनेछ।

११. आवेदकले आवेदनको समयमा दाखिला गर्नुपर्ने रकम बेनीघाट रोराङ गाउँपालिका, शाखा कार्यालय बेनीघाटमा रहेको प्रभु बैंक लि., खातावलाको नामः ग-२.३ बेनीघाट रोराङ गा.पा. विविध खर्च खाता, खाता नं. ०८३००९४६३६३०००४८ मा जम्मा गरेको बैंक भौचर सहित आवेदन दिनु पर्नेछ।

१२. अनुदान आवेदन स्वीकृत भई माग बमोजिमको सामग्री नलगेको खण्डमा पालिकाको विविध खातामा जम्मा भएको रकम फिर्ता हुने छैन।

.............................

(रामबाबु पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

<u>बोधार्थ</u>

१. सूचना प्रविधि शाखाः सूचना पालिकाको वेबसाइट, फेसबुक पेज, तथा पालिका आवद्ध भएको सामाजिक सञ्जालमा तुरुन्त अपलोड गरिदिनु हुन। साथै सबै वडा कार्यालयमा इमेल गरिदिनु हुन।

२. श्री वडा कार्यालय (१-१०), बेनीघाट रोराङ गा.पा. — सूचना पाटीमा सूचना टाँस गरी सरोकारवाला सबैमा यथासिघ्र जानकारी गराइदिनुहुन।

थप जानकारीका लागि सम्पर्क नं. ९८४७४३५४३५,९८४६७६७३७६, ९८४३८३०४२७, ९८४६६१५३५६

अनुसूची - १

आवेदन - पत्र

मितिः......./....../.....

श्री........................कार्यालय,
वेनीघाट रोराङ गाउँपालिका, धादिङ।

विषयः कार्यक्रममा समावेश गरीदिनुहुन।

महोदय,

प्रस्तुत विषयमा मिति २०८३/०४/०७ गते प्रकाशित कृषि यान्त्रीकीकरण माग सम्बन्धी सूचना अनुसार ........................कार्यक्रममा सहभागी हुन इच्छुक छु/छौं। सूचनामा माग भए बमोजिमको आवश्यक कागजात र मापदण्डको शर्त पूरा गरी निवेदन पेस गर्दछु/गर्दछौं।

तपसिल

माग भएको सामग्री/कार्यक्रमको नामः

निवेदक

नामः

ठेगानाः

सम्पर्क नं. :

दस्तखतः

संस्थाको छापः

## अनुसूची — ५

## स्व - घोषणा पत्र

मितिः

श्री बेनीघाट रोराङ गाउँपालिका,
विशालटार, धादिङ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति २०८३/०४/०७ गते प्रकाशित सूचना अनुसार म/हामीले ............................ कृषि सामग्री माग गरेको हुँदा तपसिलका बुँदाहरूमा स्व-घोष्णा गर्दछु/छौं। साथै उक्त कार्यक्रममा छनौट भएमा अनुदानको पूर्ण प्रयोग गर्नेछु/गर्नेछौ। यदि गलत कार्य/प्रयोग गरेमा बेनीघाट रोराङ गाउँपालिकाबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दछु/छौ।

यस स्व-घोषणामा केहि झूठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मञ्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/छौं।

तपसिलः

१. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन।

२. कुनै सरकारी निकायको कालोसूचीमा परेको छैन।

३. पछिल्लो दुई आ.व. मा सोही प्रकृतिका कार्यक्रम/सामग्री कुनै पनि सरकारी निकायबाट अनुदानमा प्राप्त गरेको छैन।

४. प्राप्त अनुदानको हानी-नोक्सानी हुने कुनै कार्य गर्ने छैन। हानी-नोक्सानी भएको ठहरिएमा सरकारी बाँकी सरह असुल उपर भएमा मेरो पूर्ण मञ्जुरी रहनेछ।

आवेदकको नाम

हस्तक्षरः

नामः

पदः

ठेगानाः

छापः

सम्पर्क नं. :